सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३३३ ♦ २०८३ साल भदौ ७ आइतवार ♦ 23 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## जनकपुरमा पोखरी अतिक्रमणमुक्त बनाउन चलाइयो डोजर





**खबर दर्पण समाचारदाता**

**भदौ ६ गते, जनकपुरधाम**

जनकपुरधामका पोखरीको जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउन गुठी संस्थानले आजदेखि डोजर प्रयोग गरी जग्गा खाली गराउन थालेको छ ।

गुठी संस्थानले पटक-पटक सूचना जारी गरी संरचना आफैँ हटाउन आग्रह गरे पनि अटेर गरेपछि स्थानीय प्रशासन र सुरक्षा निकायको समन्वयमा डोजर चलाइएको हो ।

संस्थानले जनकपुरधामका सातवटा पोखरीको अतिक्रमणसम्बन्धी लगत सङ्कलन गरी अतिक्रमित जग्गा खाली गराउने प्रक्रिया अघि बढाएको छ । जनकपुरधाममा गुठी संस्थानअन्तर्गत ४९ वटा पोखरी छन् । पोखरी, मठमन्दिर तथा अन्य गुठीको अतिक्रमण हटाउन गुठी संस्थानका प्रशासक ध्रुव घिमिरेको संयोजकत्वमा गठित नौ सदस्यीय समितिले काम गरिरहेको छ ।

समितिले सङ्कलन गरेको विवरणका आधारमा प्रतिवेदन तयार गरी संस्थानको केन्द्रीय कार्यालयमा बुझाइएको छ । आज करीब ६५ वटा संरचनामा डोजर चल्ने भएको छ ।

यस अघि अतिक्रमण हटाउने बारे पटक पटक समय बनाएर रोकिएको थियो ।

## गरिमा चौधरीको न्यायका लागि बर्दिबासमा प्रदर्शन




**जीवनराज दाहाल**

**भदौ ६ गते, बर्दिवास**

तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनामा संलग्न दोषीलाई कडा कानुनी कारबाहीको माग गर्दै आज शनिबार महोत्तरीको बर्दिबासमा प्रदर्शन गरिएको छ ।

बर्दिबासको भोला वसन्त चोकदेखि सिन्धुली रोडसम्म ऱ्याली गरिएको थियो । ऱ्यालीमा स्थानीय, युवा तथा नागरिकहरूले गरिमाका लागि न्याय माग्दै प्रदर्शन गरेका हुन् । प्रदर्शनका क्रममा सहभागीहरूले दिवंगत गरिमा चौधरीप्रति श्रद्धाञ्जली अर्पण गर्दै एक मिनेट मौनधारण गरेका थिए ।

सहभागीहरूले 'गरिमालाई न्याय दे', 'बलात्कारीलाई कडा कारबाही गर', 'बालबालिकाको सुरक्षा सुनिश्चित गर' लगायतका नारा लगाउँदै घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनअनुसार कडा सजाय दिन माग गरेका छन् ।

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१ की तीन वर्षीया गरिमा चौधरी घरबाट हराएको केही दिनपछि मृत अवस्थामा फेला परेकी थिइन् । घटनामा बलात्कारपछि हत्या भएको खुलेसँगै दोषीलाई कारबाही र पीडित परिवारलाई न्यायको माग गर्दै देशका विभिन्न स्थानमा विरोध प्रदर्शन हुँदै आएको छ ।

बर्दिबासका प्रदर्शनकारीहरूले यस्ता घटना दोहोरिन नदिन बालबालिकाको सुरक्षाका लागि प्रभावकारी कदम चाल्न समेत सरकार तथा सम्बन्धित निकायसँग माग गरेका छन् ।

## गरिमा चौधरीको न्यायका लागि औरहीमा श्रद्धाञ्जली कार्यक्रम




**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**भदौ ६ गते, महोत्तरी**

तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनामा संलग्न दोषीलाई कडा कानुनी कारबाहीको माग गर्दै शनिबार महोत्तरीको औरही नगरपालिका-१ स्थित औरही बजारमा श्रद्धाञ्जली कार्यक्रम गरिएको छ।

स्थानीय मनोज चौधरी र राजु चौधरीको नेतृत्वमा आयोजित कार्यक्रममा करिब ४० जनाको सहभागिता थियो। सहभागीहरूले दिवंगत बालिका गरिमा चौधरीप्रति श्रद्धाञ्जली अर्पण गर्दै एक मिनेट मौनधारण गरेका थिए।

कार्यक्रममा सहभागीहरूले 'गरिमालाई न्याय दे', 'बलात्कारीलाई कडा कारबाही गर' र 'बालबालिकाको सुरक्षा सुनिश्चित गर' लगायतका नारा लगाउँदै घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनबमोजिम कडा सजाय दिन माग गरेका छन्।

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१ की तीन वर्षीया गरिमा चौधरी केही दिनदेखि बेपत्ता थिइन्। उनी घरबाट हराएको केही दिनपछि मृत अवस्थामा फेला परेकी थिइन्। घटनामा बलात्कारपछि हत्या भएको खुलेपछि दोषीलाई कारबाही र पीडित परिवारलाई न्यायको माग गर्दै देशका विभिन्न स्थानमा विरोध तथा श्रद्धाञ्जली कार्यक्रम हुँदै आएका छन्।

श्रद्धाञ्जली कार्यक्रममा सहभागीहरूले बालबालिकामाथि हुने हिंसा तथा यस्ता जघन्य घटना नियन्त्रण गर्न प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन सरकार तथा सम्बन्धित निकायसँग माग गरेका छन्।

खबर दर्पण
राष्ट्रिय दैनिक



# डिजिटल प्रविधिमार्फत मधेशका बालबालिकालाई भविष्यका लागि तयार पारिँदै

खबर दर्पण समाचारदाता
भदौ ६ गते, बर्दिबास

डिजिटल प्रविधिको प्रयोगमार्फत मधेश प्रदेशका बालबालिकालाई बदलिँदो समयअनुकूल ज्ञान, सीप र सिर्जनशीलतासहित भविष्यका लागि तयार पार्ने प्रयास थालिएको छ। प्रविधिमा आधारित सिकाइसँगै समस्या समाधान, सिर्जनशील सोच, प्रयोगात्मक अभ्यास र व्यावहारिक सीप विकासलाई जोड दिँदै बालबालिकालाई भविष्यका अवसरसँग जोड्ने काम भइरहेको हो।

सेभ द चिल्ड्रेन नेपालले कोरिया अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (KOICA) को साझेदारीमा सञ्चालन गरिरहेको पाँच वर्षे इन्सपाइर (INSPIRE) परियोजनामार्फत मधेशका सामुदायिक विद्यालयमा यस्तो अभ्यास अघि बढाइएको छ। परियोजनाले डिजिटल सिकाइलाई विद्यालय शिक्षाको अभिन्न हिस्सा बनाउँदै बालबालिका तथा युवालाई भविष्यमा आवश्यक पर्ने सीप विकासका अवसर उपलब्ध गर इरहेको छ।

परियोजनाको पहिलो वर्ष पूरा भएको अवसरमा काठमाडौँमा आयोजित 'INSPIREM One Year of Learning, Partnership, and Progress' कार्यक्रममा परि योजनामार्फत हासिल भएका उपलब्धि, सिकाइ र आगामी योजनाबारे जानकारी दिइएको थियो।

कार्यक्रममा परियोजना अन्तर्गतका विद्यालयका विद्यार्थी, नेपाल सरकार तथा मधेश प्रदेश सरकारका प्रतिनिधि, KOICA, सेभ द चिल्ड्रेन कोरिया, शिक्षा क्षेत्रका सरोकारवाला, विकास साझेदार तथा स्थानीय तहका प्रतिनिधिको सहभागिता थियो। INSPIRE परियोजना मधेश प्रदेशका बारा र महोत्तरी जिल्लाका पाँच स्थानीय तहमा सञ्चालन भइरहेको छ। बाराका देवताल गाउँपालिका, करैयामाई गाउँपालिका र महागढीमाई नगरपालिका तथा महोत्तरीका औरही नगरपालिका र लोहारपट्टी नगरपालिकाका विद्यालय तथा समुदाय परि योजनाबाट लाभान्वित भइरहेका छन्।

परियोजनाअन्तर्गत बाराका सात माध्यमिक विद्यालयमा कम्प्युटर, स्मार्ट बोर्ड, वैकल्पिक विद्युत् प्रणाली तथा विभिन्न विद्युतीय सामग्रीसहितका टेक ल्याब र मेकर स्पेस स्थापना गरिएको छ। यी संरचनाले विद्यार्थीलाई प्रविधि प्रयोग गरेर नयाँ कुरा सिक्ने, आफ्ना विचारलाई नमूनामा विकास गर्ने, परीक्षण गर्ने र समस्या समाधान गर्ने अवसर प्रदान गरेका छन्।

बाराका विद्यार्थीले कृषिको अनुगमनमा ड्रोन प्रविधिको प्रयोग गर्नुका साथै थ्रिडी (3D) प्रिन्टरबाट आफ्ना अवधारणालाई उपयोगी नमूनामा रूपान्तरण गर्ने अभ्यास गरिरहेका छन्। यसले विद्यार्थीलाई केवल प्रविधि चलाउन सिकाउने नभई प्रविधिलाई समस्या समाधान र सिर्जनाका लागि कसरी प्रयोग गर्ने भन्ने व्यावहारिक ज्ञानसमेत दिइरहेको छ।

सेभ द चिल्ड्रेन नेपाल तथा भुटानका कन्ट्री डाइरेक्टर तारा क्षेत्रीले मेकर स्पेस बालबालिकाले प्रयोग गर्ने, सिर्जना गर्ने, गल्तीबाट सिक्ने र पुनः प्रयास गर्ने स्थानका रूपमा विकास भइरहेको बताउनुभयो। अनुभवमा आधारित सिकाइले बालबालिकाको सोच, सिर्जनशीलता र आत्मविश्वास विकास गर्नुका साथै विद्यालयप्रतिको रुचि बढाउन सहयोग गर्ने उहाँको भनाइ थियो।

परियोजनाले डिजिटल प्रविधिमा मात्र केन्द्रित नभई शिक्षाको समग्र गुणस्तर सुधारमा पनि जोड दिएको छ। शिक्षकको क्षमता विकास, सिकाइमा कमजोर विद्यार्थीका लागि अतिरिक्त सहयोग, घरमा आधारित सिकाइ, विद्यालय उपस्थितिको व्यवस्थापन, छात्रवृत्ति सहायता तथा किशोर किशोरी र युवाका लागि व्यावसायिक सीप विकासका अवसरसमेत परियोजनाले उपलब्ध गराइरहेको छ।

महोत्तरीमा अभिभावक तथा स्याहारकर्तालाई बालबालिकाको घरमै सिकाइमा सहयोग गर्ने उपायबारे जानकारी तथा सहयोग प्रदान गरिएको छ। विद्यालय, परिवार र समुदायलाई सिकाइ प्रक्रियासँग जोडेर बालबालिकाको सिकाइ निरन्तरता कायम गर्ने प्रयास भइरहेको परियोजनाले जनाएको छ।

महागढीमाई नगरपालिकाका नगर प्रमुख उपेन्द्रप्रसाद यादवले शिक्षा विद्यालय भवन र परीक्षामा मात्र सीमित नरहेको बताउनुभयो। सामुदायिक विद्यालयका बालबालिकाले



प्रविधिको प्रयोग गर्न, प्रश्न गर्न र व्यावहारिक सीप सिक्न थालेपछि शिक्षामा नयाँ सम्भावना देखिएको उहाँको भनाइ थियो।

शिक्षा तथा खेलकुद मन्त्रालयका उपसचिव शंकरप्रसाद अधिकारीले आधारभूत तहमा गरिएको लगानीबाट शिक्षामा दीर्घकालीन परिवर्तन सम्भव हुने बताउनुभयो। पहुँच, गुणस्तर, समावेशिता र डिजिटल शिक्षामा तीनै तहका सरकार केन्द्रित हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

KOICA नेपालका कन्ट्री डाइरेक्टर मू हो कोंले बदलिँदो विश्वको आवश्यकताअनुसार शिक्षालाई अघि बढाउन गुणस्तरीय शिक्षा, डिजिटल रूपान्तरण र रोजगारीका लागि आवश्यक सीपलाई एकसाथ जोड्नुपर्ने बताउनुभयो। बालबालिकालाई आधारभूत सिकाइसँगै प्रविधि, समस्या समाधान र भविष्यमा आवश्यक पर्ने सीपसँग परिचित गराउनुपर्ने उहाँको भनाइ थियो।

सेभ द चिल्ड्रेन कोरियाका बोर्ड अध्यक्ष जुन ओले INSPIRE परियोजनाको पहिलो वर्षले साझेदारी मार्फत बालबालिकाका लागि नयाँ सम्भावना सिर्जना गर्न सकिने देखाएको बताउनुभयो। प्रविधिको प्रयोगबाट बालबालिकामा विकास हुने आत्मविश्वास, सिर्जनशीलता र आफ्ना विचार प्रस्तुत गर्ने क्षमताले उनीहरूलाई भविष्यका लागि तयार पार्ने उहाँको भनाइ थियो।

परियोजना कार्यान्वयनमा बारा जिल्लाका जन जागरण युवा क्लब तथा महोत्तरीको सामुदायिक विकास तथा पैरवी मञ्च नेपाललगायत स्थानीय गैरसरकारी संस्थाले विद्यालय, परिवार, समुदाय र स्थानीय सरकारसँग समन्वय गरिरहेका छन्।

INSPIRE परियोजनाको आगामी चरणमा मधेशमा गरिबी, सिकाइ क्षति, विद्यालयका सीमित पूर्वाधार, प्रविधिमा असमान पहुँच तथा जलवायुजन्य अवरोधलाई सम्बोधन गर्ने लक्ष्य राखिएको छ। स्थानीय सरकार, विद्यालय, परिवार र समुदायसँगको सहकार्यलाई निरन्तरता दिँदै डिजिटल प्रविधिमा समावेशी पहुँच, अनुभवमा आधारित सिकाइ, शिक्षक सहयोग र भविष्यका सीप विकासलाई थप सुदृढ बनाउने परियोजनाले जनाएको छ।

यसबाट मधेशका सामुदायिक विद्यालयका बालबालिकालाई परम्परागत सिकाइमा मात्र सीमित नराखी डिजिटल प्रविधिको ज्ञान, सिर्जनात्मक सोच, समस्या समाधान गर्ने क्षमता र व्यावहारिक सीपसहित भविष्यका अवसरका लागि तयार पार्ने आधार निर्माण हुने अपेक्षा गरिएको छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेस सरकारद्वारा नीति तथा योजना आयोगको 'ओएण्डएम सर्वे' स्वीकृत




**खबर दर्पण समाचारदाता**
**भदौ ६ गते, बर्दिवास**

मधेस प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएण्डएम सर्वे) स्वीकृत गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, जनकपुरधाममा शुक्रबार साँझ बसेको प्रदेश सरकारको मन्त्रिपरिषद बैठकले आयोगको कार्यक्षेत्र, कार्यबोझ तथा संस्थागत आवश्यकताका आधारमा सङ्गठन संरचना र दरबन्दी पुनरवलोकन गर्ने निर्णय गरेको हो ।

साथै, आयोगको करिब ५५ प्रतिशत दरबन्दी कटौती गर्ने निर्णय भएको प्रदेश सरकारका प्रवक्ता एवं अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिनुभयो । दरबन्दी कटौतीबाट प्रशासनिक खर्चमा मितव्ययिता कायम हुनुका साथै उपलब्ध जनशक्तिको अधिकतम उपयोग हुने अपेक्षा गरिएको उहाँले बताउनुभयो । त्यसै गरी प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायमा कार्यरत सचिवको खटनपटन तथा पदस्थापन गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

सम्बन्धित मन्त्रालयको कार्यबोझ, विषयगत अनुभव, कार्यक्षमता, संस्थागत आवश्यकता र प्रशासनिक निरन्तरतालाई आधार बनाएर सचिवको खटनपटन तथा पदस्थापन गरिएको मन्त्री भट्टराईले बताउनुभयो । मन्त्रिपरिषद बैठकले प्रदेश सरकार अन्तर्गत पूर्वाधार सम्बन्धी मन्त्रालय तथा निकायमा कार्यरत इन्जिनियरिङ जनशक्तिको वृत्तिविकास तथा कार्यगत गतिशीलता सम्बन्धी अध्ययन गर्न तीन सदस्यीय कार्यदल गठन गर्ने निर्णय पनि गरेको छ ।

नेपाल इन्जिनियरिङ परिषदमा दर्ता भएका इन्जिनियरिङ विज्ञको संयोजकत्वमा गठन हुने कार्यदलले प्राविधिक जनशक्तिको वृत्तिविकास, विशेषज्ञता विकास, पदस्थापन, सरुवा तथा कार्यगत गतिशीलताका आधार र आवश्यक कानुनी सुधारका विषयमा अध्ययन गरी १५ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रतिवेदन पेस गर्ने मन्त्री भट्टराईले जानकारी दिनुभयो ।

कार्यदलले प्राविधिक जनशक्तिको विशेषज्ञता र अनुभवको अधिकतम उपयोग, वृत्तिविकासका अवसरको सुनिश्चितता, उचित व्यवस्थापन, कार्यक्षेत्र अनुसार विशेषज्ञता विकास तथा विभिन्न जिम्मेवारीमा अनुभव प्राप्त गर्ने अवसरलगायत विषयमा अध्ययन गरी सुधारका उपाय सिफारिस गर्ने छ । त्यस्तै मन्त्रिपरिषद बैठकले मधेस प्रदेश सरकारले प्रदेशसभाको चालु सातौँ अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णयसमेत गरेको मन्त्री भट्टराईले बताउनुभयो । रासस

# कतारमा सातै प्रदेशका नेपालीद्वारा संयुक्त रक्तदान, १२१ जनाले दिए रगत

**आशिक हुसैन शेख**



दोहा, कतार । विदेशमा रहेका नेपालीबीच एकता र सहकार्यको भावना अभिवृद्धि गर्दै मानवीय सेवामा योगदान पुऱ्याउने उद्देश्यले कतारमा सातै प्रदेशका नेपालीले संयुक्त रूपमा आयोजना गरेको बृहत् रक्तदान कार्यक्रममा १२१ जनाले रक्तदान गरेका छन् ।

'सात प्रदेश, एक देश, रक्तदानमा एउटै सन्देश' भन्ने मूल नाराका साथ कतारमा क्रियाशील सातै प्रदेश समन्वय परिषद्को संयुक्त आयोजना तथा नेपाली रक्तदाता संघ कतारको समन्वयमा कार्यक्रम सम्पन्न भएको हो ।

कतारको हमद अस्पतालस्थित ब्लड डोनेसन सेन्टरमा बिहान ८ बजेदेखि दिउँसो ३ बजेसम्म सञ्चालन भएको कार्यक्रममा २२९ जनाको सहभागिता रहेको थियो । स्वास्थ्य परीक्षण तथा आवश्यक प्रक्रिया पूरा गरेपछि १२१ जनाले रक्तदान गरेको आयोजकले जनाएको छ ।

कार्यक्रममा नेपालका कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका समन्वय परिषद्का प्रतिनिधि तथा कतारमा रहेका नेपालीको सहभागिता थियो । सातै प्रदेशका संस्थाले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रमले प्रदेश, जिल्ला तथा क्षेत्रगत पहिचानभन्दा माथि उठेर नेपालीहरू मानवीय सेवामा एकजुट हुन सक्ने सन्देश दिएको आयोजकको भनाइ छ ।

रक्तदान कार्यक्रममा नेपाली महिला दिदीबहिनीको पनि उल्लेखनीय सहभागिता रहेको थियो । उनीहरूले उत्साहपूर्वक रक्तदान गर्दै मानवीय सेवामा योगदान गरेका थिए ।

कार्यक्रमको मुख्य उद्देश्य आवश्यक परेका बिरामी तथा घाइतेका लागि रगतको अभाव न्यूनीकरणमा सहयोग पुऱ्याउनुका साथै नेपाली समुदायमा नियमित रक्तदानप्रति जनचेतना अभिवृद्धि गर्नु रहेको आयोजकले जनाएको छ । सहभागीहरूले रक्तदानलाई मानव जीवन बचाउन सकिने महत्वपूर्ण सामाजिक तथा मानवीय सेवाका रूपमा लिएका थिए ।

रक्तदान गर्ने १२१ जना रक्तदातालाई कार्यक्रमपछि प्रमाणपत्र प्रदान गरिएको थियो । रक्तदाताहरूले आफूले दिएको रगतबाट आवश्यक परेका व्यक्तिको जीवन बचाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए ।

कार्यक्रममा सातै प्रदेशका प्रतिनिधिले विदेशमा रहेका नेपालीबीच सामाजिक तथा मानवीय सेवाका क्षेत्रमा सहकार्य र एकता आवश्यक रहेकोमा जोड दिएका थिए। यस्ता संयुक्त अभियानले कतारमा रहेका नेपालीबीच आपसी भाइचारा, सहकार्य र एकताको भावना थप बलियो बनाउने उनीहरूको भनाइ थियो ।

आयोजकहरूले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सातै प्रदेश समन्वय परिषद्, नेपाली रक्तदाता संघ कतार, स्वयंसेवक, सहयोगी तथा सहभागी सम्पूर्ण नेपाली समुदायप्रति आभार व्यक्त गरेका छन् ।

'रक्तदान जीवनदान, जीवनदान महादान' भन्ने सन्देशसहित सम्पन्न कार्यक्रमले विदेशमा रहेका नेपाली समुदायलाई मानवीय सेवामा एकताबद्ध भएर अघि बढ्न प्रेरित गरेको आयोजकको निष्कर्ष छ ।



# महोत्तरीमा नेपाल-भारत सीमा सुरक्षा समितिको बैठक, लागुऔषधदेखि तस्करी नियन्त्रणसम्म छलफल

**खबर दर्पण समाचारदाता**

**भदौ ६ गते, बर्दिवास**

सीमापार अपराध र अवैध गतिविधि नियन्त्रणका लागि नेपाल र भारतका सीमावर्ती जिल्लाका प्रशासनिक तथा सुरक्षा अधिकारीबीच सहकार्य थप प्रभावकारी बनाउने सहमति भएको छ । शनिबार महोत्तरीमा सम्पन्न नेपाल-भारत सीमावर्ती जिल्ला समन्वय समितिको बैठकमा लागुऔषध, तस्करी, मानव बेचबिखन, अवैध आप्रवासनदेखि सीमा स्तम्भ व्यवस्थापनसम्मका विषयमा छलफल भएको हो ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव र भारतको सीतामढीका डिएम तनय सुल्तानियाको संयुक्त अध्यक्षतामा भएको बैठकमा अघिल्लो बैठकका निर्णय तथा प्रगतिसमेत समीक्षा गरिएको थियो। बैठकमा महोत्तरी, सर्लाही र रौतहटका प्रशासनिक तथा सुरक्षा अधिकारीसहित सीतामढीका सुरक्षा अधिकारी र प्रतिनिधि सहभागी थिए।

बैठकमा सीमापार हुने लागुऔषध तथा मनोप्रभावी पदार्थको अवैध कारोबार नियन्त्रणलाई प्राथमिकताका साथ उठाइएको थियो। त्यस्तै, अपराध तथा तस्करी नियन्त्रण, अवैध हतियार र गोलीगट्ठाको ओसारपसार रोक्ने, चोरी भएका सवारीसाधन तथा चोरीका सम्पत्ति सीमापार हुन नदिने विषयमा दुवै देशका सुरक्षा निकायबीच समन्वय गर्ने सहमति भएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी यादवले बताए।

मानव बेचबिखन तथा अवैध आप्रवासन नियन्त्रणसँगै तेस्रो मुलुकतर्फ हुने अनधिकृत आवतजावत रोक्न पनि दुवै पक्षले संयुक्त रूपमा काम गर्ने पनि बैठकमा प्रतिबद्धता व्यक्त गरिएको छ । आवश्यकताअनुसार सम्बन्धित निकायबीच सूचना आदानप्रदान तथा संयुक्त टोलीमार्फत नियन्त्रणका प्रयास अघि बढाउने विषयमा समेत छलफल भएको प्रमुख जिल्ला अधिकारी यादवले बताए।

बैठकमा तस्करी तथा अवैध व्यापार नियन्त्रणसँगै विपद् व्यवस्थापन, आपत्कालीन अवस्थामा समन्वय, सीमा पूर्वाधार र सीमा स्तम्भ व्यवस्थापन, सूचना आदानप्रदान, संयुक्त गस्ती तथा सीमा निगरानीका विषयसमेत उठेका थिए।

यस क्रममा हालै नेपालका केही किसान भारतमा खाद्यमल लिन गएको अवस्थामा भारतीय सुरक्षा निकायबाट पक्राउ परेको विषय पनि नेपाली सुरक्षा अधिकारीहरुले उठाएको थियो। उक्त घटनाबारे भारतीय पक्षले गम्भीर ध्यानाकर्षण भएको जनाउँदै सम्बन्धित सुरक्षा निकायलाई आवश्यक निर्देशन दिने र आगामी दिनमा सहज वातावरण निर्माण गर्ने प्रतिबद्धता जनाएको प्रजिअ यादवले बताए।



बैठकमा सर्लाहीका प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदी, रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालसहित तीनै जिल्लाका सुरक्षा निकायका प्रमुख तथा भारतको सीतामढीका सुरक्षा अधिकारी र प्रतिनिधिहरूको सहभागिता थियो।


## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा**

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्वर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र विक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,